# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

# पञ्चेश्वर गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

पत्र संख्याः २०७८।७९
च.नं. ३५४

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पञ्चेश्वर गाउँपालिका,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले **पञ्चेश्वर गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट **रु.४ करोड ७३ लाख ३८ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१७ लाख ३७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७४ लाख ७३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ३ लाख ९० हजार र पेश्की बाँकी रु.२ करोड ७७ लाख ३८ हजार रहेको** छ । पालिकाको गत वर्षसम्म रु.१० करोड ६४ लाख ७५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१४ करोड ९९ लाख ३७ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# पञ्चेश्वर गाउँपालिका, बैतडी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २१ | १९ | ४७३३८ | ० | ० | ० | २१ | १९ | ४७३३८ | १७३७ | १०३९० | ७४७३ | ० | ० | १७८६३ | २७७३८ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १०६४७५ | ० | ३८७६ | १०२५९९ | ० | ४७३३८ | १४९९३७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पन्चेश्वर गाउँपालिका, बैतडी , पन्चेश्वर गाउँपालिका , बैतडी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhuvan Bag | २०७६-१०-१४ | |
| कार्यालय प्रमुख | Krishna Bahadur Bohara | २०७८-१२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Navraj Joshi | २०७८-१२-२१ | |
| | | **बेरुजु रकम** | ४७,३३७,९८१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २,९६,२३,५३०.९८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५,४८,३७,१२० | चालु खर्च | २४,२९,८५,१०६.८ |
| प्रदेश सरकारबाट अनुदान | २,९४,५९,००० | पूँजीगत खर्च | १५,३४,५८,४१० |
| राजश्व बाँडफाँट | ५,९१,२९,३७७.३ | वित्तीय/अन्य व्यवस्था | ५,३८,६४,३९६.९२ |
| आन्तरिक आय | ३१,२३,०१४.०२ | | |
| अन्य आय | १,९७,३१,९८३.८ | | |
| कुल आय | ४६,६२,८०,४९५.१२ | कुल खर्च | ४५,०३,०७,९१३.७२ |
| बाँकी मौज्दात | | ४,५५,९६,११२.३८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय तथा छलफल**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्वेश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १२०.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८७६६ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६ ।१९ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**१. वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• उपरोक्त आयव्यय विवरणमा अन्तरसरकारी अख्तियारीबाट निकासा आम्दानी तथा खर्च समावेश गरेको छैन । | |

| वजेट शिर्षक नं | शिर्षक | बजेट | निकासा । खर्च |
|---|---|---|---|
| ३७०००११६४ | एकीकृत स्वास्थ्य पूवाधार वि.कार्यक्रम | ८५०००००० | ० |
| ३६५००१०४३ | स्था वि पू साझेदारी | ३५०००००० | ३५०००००० |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा | ६६०४८००० | ६६०४८००० |
| ३३६००१०२३ | गरिवसंग विश्वेश्वर का | ७७७००० | ७२५००० |
| | जम्मा | ७८८२५००० | ७०२७३००० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईए पनि पूर्णरुपमा लागू नभएको । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२

**बैक हिसाब मिलान**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ताले देखाएको मौज्दात रु ४५५९६,११२।३८ र बैकले देखाएको निम्नानुसार को मौज्दात रु १०१८१२,७०६।३८ विच रु ५६२१६५९४।०० वढी मौज्दात भई फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ ।

| खाताको नाम | श्रेस्ता अनुसार बांकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| नविल बैंक (चालु) | | १५७९३,३४७।४९ | |
| नविल बैंक (पूंजीगत) | | ३३८१८,६६९।०० | |
| नविल बैंक (आन्तरिक राजस्व) | | ० | |
| नविल बैंक (संचित कोष) | | ३८९२५,९४०।८९ | |
| नविल बैंक (आन्तरिक अनुदान) | | ० | |
| नविल बैक धरौटी खाता | | ३२०८,७४७।०० | |
| नविल बैक (प्रकोप) | | ७७१,८३७।०० | |
| नविल बैक (विविध) | | ९२९४,१६५।०० | |
| **जम्मा** | **४५५९६११२।३८** | १०१८१२,७०६।३८ | ५६२१६५९४।०० |

३

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो को आंशिक प्रगति भएको देखियो ।

• पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा हिसाव मिलान गर्दै गरेको देखियो ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा आंशिक सुधार भएको।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• वातावरणको संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न कर्मचारी अभावले अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• भ्रमण अभिलेख खाताः कर्मचारीहरुको अभिलेख राखेको तर पदाधिकारीहरुको राखेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष श्री विना | |

| | | | | |
|---|---|---|---|---|
| | | | भट्टले मिति २०७६।३।१० गते रु. ४६ करोड ८० लाख ११ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२५ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७६।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनु पर्दछ। | |
| ५ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।<br>वडा संख्या: ६; वडा सचिवको दरबन्दी: ६; वडा सचिवको पदपूर्ति: १; रिक्त वडा सचिव: ५<br>रिक्त दरवन्दी पदपुर्ति हुनुपर्दछ । | |
| ६ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेकोछ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको १ गरी कुल २१ विवाद दर्ता भएकोमा सबै फर्छयौट भएको जनाएको छ। | |
| ७ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ। | |
| ८ | | | **औषधीखरिद**<br>सार्वजनिक खरिदनियमावली, २०६४ कोनियम ८५ को उपनियम १(क) मा बिसलाखरुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशनगरी तोकेको बिक्रीमूल्यमा सोझैतथा सो भन्दा माथि सिलबन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट खरिदगर्नसकिने व्यवस्था छ।तर पालिकालेपटक पटक गरी उक्तप्रक्रिया वेगर रु. १७६२६९९।०० लाख भन्दा बढीको औषधि खरिद गरेकोछ। यससम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| ८.१ | | | खरिदगरेका उक्तऔषधि कुनऔषधि कम्पनीबाट उत्पादनभएको होरसोकोमूल्य राष्ट्रियपत्रपत्रिकामा प्रकाशनसमेत भएको नदेखिएको, | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | १ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.२ | | | आपूर्तिहुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याचनंर म्याद समाप्तमिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाईराख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको छैन । | | |
| ८.३ | | | आपूर्ति भएका औषधी एंव मसर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशनअनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तरर म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | | |
| ८.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भईआएको खुल्ने गरी व्यवस्थितरुपमा आम्दानी बाँध्ने गरेको छैन । | | |
| ८.५ | | | औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनुपर्ने एकमुष्ट घटाउने गरेको । | | |
| ८.६ | | | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तअनुसारकै औषधिप्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | | |
| ९ | | | **मूल्य अभिवृद्धि कर कट्टी र दाखिला**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (आर्थिक ऐन, २०७६ वाट संसोधन) वमोजिम सरकारी निकाय तथा संघ सँस्थाहरुले करार गरी खरिद गरेको बस्तु तथा सेवाको बिल भुक्तानी गर्दा मूल्य अभिवृद्धि करको ५० प्रतिशत र ३०(२०७८।२।१५ अघि ५० प्रतिशत र त्यस पछि ३० प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था )कट्टा गरी सम्वन्धीत आपूर्तकको नामवाट मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न फर्मलाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सोको ५० तथा ३० प्रतिशत रु१०९०९२।००कट्टा गरी मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गरेको नपाईएकोले असुल गरी सम्वन्धीत मूल्य अभिवृद्धि शिर्षकमा दाखिला गर्नुपर्ने रु... | | १०९,०९२ |

| गो भौ र मिति | फर्मको नाम | विजक नं र मिति | भूक्तानी भएको मू अ कर | कट्टा गर्नुपर्ने मू अ कर |
|---|---|---|---|---|
| संघीय सशर्त | | | | |
| ५२।२०७७।११।२० | वोहोरा इलेक्ट्रनिक्स एण्ड सप्लायर्स | ४१।०७७।११।१२ | २०७०७। | १०३५४।०० |
| ७०।११।२७ | मुन लाइट टेक्निकल | ४३।०७७।११।५ | ६२२५१। | ३११२५।०० |
| ८७।२०७८।१।३१ | राधा कुमारी ट्रेड सप्लायर्स | ६०।२०७८।१।५ | १८५७८। | ५५७३।०० |
| १२४।२०७८।३।९ | इ एफ आई नेपाल प्रा लि | ९।२०७८।२।१७ | ४२५५३। | १२७६६।०० |
| २७२।२०७८।३।३० | निलम निर्माण सेवा | ३।२०७८।३।२५ | १०७२८९। | ३२१८६।०० |
| २७३।२०७८।३।३० | कृष्ण निर्माण सेवा | ७।२०७८।३।२५ | ५६९६०। | १७०८८।०० |
| जम्मा | | | | **१०९०९२।०** |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **रितपूर्बकको कर बिजक**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले स्यानिटरी प्याड आपूर्तक निलम नर्माण सेवाले पेशगरेको कर विजकमा विजक नम्वर केरमेट भएको छ । तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको रु १०७२८९ मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १०७,२८९ |
| ११ | | | **प्राविधिक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन नरहेको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण सम्बन्धी कामको रनिङ विल भुक्तानी प्राविधिक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदनका आधारमा हुनुपर्ने उल्लेख छ । पालिकाले देहायका कामको नापी तथा कार्यसम्पन्न प्रतिवेदन वेगर भुक्तानी दिएको देखिएकोले नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | १,४७८,६७१ |

| गो भौ र मिति | काम | खर्च रकम |
| --- | --- | --- |
| १३।२०७७।८।३० | कुलाउ डुंगरी सडक मर्मत | १८०६००।०० |
| ८१।२०७८।२।२२ | मडमल्ला गाउँ खा पा यो | ४५९९३३।०० |
| ६०।२०७७।११।२१ | सिमलडाँडा पन्खाल कुलो | ३६००००।०० |
| १४८।२०७८।३।२० | महाकवी सडक मर्मत | ३९०६३८।०० |
| १८०।२०७८।३।२६ | कैलपाल कुलाउ सडक | ८७५००।०० |
| जम्मा | | **१४७८६७१।००** |

१२

**डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| योजना | परामर्शदाता | खर्च रकम |
| --- | --- | --- |
| गा पा देखि औद्योगिक ग्रामसम्मको बाटो | सक्सेस डिजाइनर | ४९९५६०।० |
| औद्योगिक ग्राम | एम्वार्क डिजाइनर ए डेभ्लपर प्रा लि | १४८००००।० |
| | जम्मा | **१९७९५६०।००** |

१३

**सवारी साधन**

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्न सकिने उल्लेख छ । त्यस्तै अर्थ मन्त्रालयको स्थानिय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को निर्देशन नं ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने उल्लेख छ। तर पालिकाले समानीकरणको रकमबाट २ थान मोटरसाइकल खरिदमा रु २९८६००।०० खर्च गरेको छ । संघीय मन्त्रालयको परिपत्र निर्देशनको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च<br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने गरी योजना छनौट तथा कार्यान्वयन मार्फत सिमित पूँजीगत बजेट स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।पालिकाले पूँजीगत बजेटबाट देहाय बमोजिम राहत स्वरुपका वितरण मुखीयोजना तथा कार्यक्रममा रु १०८४७८३।००।०० खर्च गरेको नियमसंगत नदेखिएको
<table>
<tr><th>गो भौ र मिति</th><th>काम</th><th>खर्च</th></tr>
<tr><td>२९।२०७७।९।२७</td><td>व्यक्तिगत घरलाई क्षतिपूर्ति</td><td>४३०३२०।००</td></tr>
<tr><td>१९०।२०७८।३।२८</td><td>पाइप तथा दाल चामल वितरण</td><td>२९४४६३।००</td></tr>
<tr><td>६०।२०७७।११।२१</td><td>व्यक्तिगत घर मर्मत</td><td>३६००००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१०८४७८३।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कार्यक्रम फरक पारेको<br>प्रदेश सरकार आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ३६ मा रकम स्वीकृत बजेट सिमाभित्र र संबन्धित खर्च शीर्षकमा भए खर्च गर्न मिल्ने उल्लेख छ । पालिकाले देहाय बमोजिम कार्यक्रम तथा खर्च शीर्षक फरक पारी खर्च गरेकोले अनियमित देखिएको रु</td><td>१,१३९,६६५</td></tr>
</table>

| गो भौ नं र मिति | स्वीकृत कार्यक्रम | खर्च भएको कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| ९६।२०७८।३।४ | विद्युत विस्तार | ठूला खोला खा पा यो | २४२३१३।०० |
| १४४।२०७८।३।२० | वडा नं ५ को भवन | कलौटी गाड खा पा यो | २५७१५२।०० |
| १५०।२०७८।३।२१ | विद्युत विस्तार | उदयदेव निङगाड शौचालय | १४४०००।०० |
| २१३।२०७८।३।१३ | कोभिडको परिस्थितिमा सिकाई सहजीकरण | जनचेतनामूलक श्रव्य सामाग्री उत्पादन | ४९७२००।०० |
| जम्मा | | | **११३९६६५।००** |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | | | | **युवा स्वरोजगार अनुदान**<br>गो भौ नं १९६।२०७८।३।३० प्रदेश सरकार आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ४२ मा सरकारी रकम अनुदान दिंदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाउनु पर्ने, जुन कामको लागि रकम दिइएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्य अनुसार प्रगति हासिल गरे नगरेको अध्ययन, अनुगमन गरी प्रतिवेदन तथा प्रगति विवरण पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले गाउँ सभाको मिति २०७८।३।१० को निर्णय बमोजिम आर्थिक वर्षको अन्तमा अर्थात असार ३० गते स्वरोजगारको लागि देहाय अनुसार रु ५००५०००।०० अनुदान दिएको छ । सोको प्रगति सहितकोअ नुगमन प्रतिवेदन पेश हुनुपर्ने रु | ५,००५,००० |


https://nams.oag.gov.np

| अनुदान पाउने व्यक्ति तथा समुह संख्या | प्रयोजन | अनुदान |
|---|---|---|
| १ जना | ग्यारेज निर्माण | १०००००।०० |
| ३ जना | तरकारी खेती व्यवसाय | १२००००।०० |
| २ जना | इलेक्ट्रोनिक्स व्यवसाय | १०००००।०० |
| २ जना | बाँस निङ्गालो व्यवसाय | १०००००।०० |
| १ जना | चाउमीन उद्योग | ७५०००।०० |
| १ जना | आर्ट तथा मूर्ति कलाको लागि प्रिन्टर | १०००००।०० |
| १ जना | चप्पल उद्योग | २०००००।०० |
| १ जना | मोवाइल मर्मत व्यवसाय | ५००००।०० |
| १ जना | माछा पालन व्यवसाय | १०००००।०० |
| १ समुह | सिलाई कटाई व्यवसाय | २५००००।०० |
| ८ जना | सिलाई कटाई व्यवसाय | ३२००००।०० |
| १ समुह | कुखुरा पालन व्यवसाय | ३५००००।०० |
| ११ जना | कुखुरा पालन व्यवसाय | ५५००००।०० |
| ३७ जना | वाख्रा पालन व्यवसाय | २५९००००।०० |
| जम्मा | | **५००५०००।००** |

<table>
<tr><td>१७</td><td></td><td></td><td>भरपाई नरहेको<br>खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । पालिकाले देहायका सामानहरुको विल भुक्तानी गरेकोमा लाभग्राहीहरु तथा संवन्धित संस्थालाई वितरण गरेको भरपाई पेश हुनुपर्ने देखिको रु<br><table><tr><td>गो भौ र मिति</td><td>कार्यक्रम</td><td>सामान</td><td>खर्च रकम</td></tr><tr><td>८७।२०७८।१।१३</td><td>उद्यम प्रविधि सहयोग</td><td>१४ थान सिलाई मेशिन कैची स्केल र फित्ता</td><td>१६१४८८।००</td></tr></table></td><td>१६१,४८८</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>समपूरक अनुदान<br>समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा ६ मा नेपाल सरकारले समपूरक अनुदान प्रदान गर्ने सम्बन्धी व्यवस्था उल्लेख छ ।सो व्यवस्था अनुसार नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत, आयोजना/कार्यक्रमको प्रकृति, आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यक्ता, प्राथमिकता, आयोजना/कार्यक्रमको कार्यान्वयनबाट हुन सक्ने उपलब्धी , आयोजना, कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशत सम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्नेछ । नेपाल सरकारको समपूरक अनुदान अन्तर्गत संघीय सरकारबाट ५० प्रतिशत र पालिकाबाट ५० प्रतिशत भुक्तानी हुने गरी मड देखि सैलौडा सडक(तिचौरा देखि गाउँपालिका सम्म) निर्माणको लागि C.A.B. –Gwallek J.V.सँगमिति २०७७।०३।११ मा रु ३०४५४५६६।कोसम्झौता भएको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानार रहेका छन्।</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>प्रत्येक रनिङ बिलको भुक्तानीमा नेपाल सरकार र गाउँपालिकाबाट बराबर खर्च वहन गर्नुपर्नेमा सो नगरी देहायका भौचरहरुबाट<br>पालिकाले व्यहोर्नुपर्ने रकम समेत नेपाल सरकार श्रोतबट भुक्तानि भएको देखिएकोले नेपाल सरकारलाई बढी व्ययभार पर्न गएको रु.</td><td>७,१४०,३०१.२२</td></tr>
</table>

| गो भौ नं मिति | बिल रकम | नेपाल सरकारबाट भुक्तानी रकम | पालिकाबाट भुक्तानी रकम | व्ययभार रकम | कैफियत |
|---|---|---|---|---|---|
| २। २०७७।०६। २६ | १५१७०८४९। ४ | ११५९४८४९।४ | ३५७६००० | ४००९४२४। ७ | प्रथम रनिङ बिल |
| २४। २०७७।१०। २६ | ६२६१७५३। ०४ | ६२६१७५३।०४ | ० | ३१३०८७६। ५२ | दोस्रो रनिङ बिल |
| | | | | ७१४०३०१। २२ | |

| | | | | |
|---|---|---|---|---|
| १८.२ | | | फोटोकपी विजकः मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७ मा मू.अ.कर दर्ता भएका फर्मले रीतपुर्वकको विल जारी गर्नुपर्दछ । पालिकाले C.A.B. –Gwallek J.V. को दोस्रो रनिङ बिल भुक्तानी गर्दा सक्कल विल संलग्न नदेखिएकोले मूल्य अभिवृद्धि कर रकम रु. ७२०३७८।६६- आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ, रू. | ७२०,३७८.६६ |
| १९ | | | **आनुपातिक कट्टी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यो वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको निम्नानुसारको कार्यमा शुरू सम्झौता भन्दा घटी कार्यसम्पन्न गरेकोमा नियमानुसार आनुपातिक कट्टी नगरी भुक्तानी गर्दा बढी भुक्तानी गरेको रू.१५,७२,34३/- उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्दछ,रू. | १,५७२,३४३ |

| भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | गा.पा. योगदान | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भुक्तानी गरेको | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|---|
| | **समानिकरण पूँजीगतः** | | | | | | |
| २०७-०७६/३/३० | नवप्रभात कुलाउँ क्याम्पस छात्रावास निर्माण | ६१८४२७९ | ४८००००० | ६१५५१५२ | ४७७७३९२ | ४८००००० | २२६०७ |
| | **सशर्त पूँजीगत (संघीय सरकारबाट हस्तान्तरीत)** | | | | | | |
| १४-०७७/९/१७ | कैलपाल आ वि ३ कोठे शौचालय निर्माण | १०७२६८१ | ६७२००० | ८८२२३२ | ५५२६३० | ६७२००० | ११९३७० |
| ७१-०७८/३/२२ | केदार आ वि २ कोठे भवन निर्माण | २६७३१४५ | १३४४००० | १५०९५६३ | ७५८९७६ | ११८०३८० | ४२१४०४ |
| ७२-०७८/३/२२ | चतुर्वाहु आ वि २ कोठे भवन निर्माण | २६७३१४५ | १३४४००० | १६८५८९० | ८४७४९७ | १३४४००० | ४९६५०३ |
| ७५-०७८/३/२३ | नागार्जुन खेल मैदान निर्माण | ३०३८५०२ | २४००००० | ३०१५४७६ | २३८१८१३ | २४००००० | १८१८६ |
| ८१-०७८/३/२३ | जनचेतना आ वि २ कोठे भवन निर्माण | २६७३१४५ | १३४४००० | १६६९८२५ | ८३९५५२ | १३३३८२५ | ४९४२७३ |
| | **जम्मा** | | | | | | **१५७२३४३** |

२०

**मू.अ.कर**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको २१ औं संशोधन अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न निर्माण व्यवसायीलाई निम्नानुसारको रु.२,३९,६९५/-मू.अ.कर भुक्तानी गरेकोमा सो को ५० प्रतिशतले हुने रु.८२,२५८/- कट्टा गरी भुक्तानी गरेको नदेखिएकोले नियमको पालना गरेको नदेखिएको, रु.

८२,२५८

| सि.नं. | भौ.नं./मिति | फर्मको नाम | विजक रकम | मू.अ.कर | ५०% मू.अ.कर | |
|---|---|---|---|---|---|---|
| | **प्रदेश सरकारको सशर्त अनुदान पुँजीगत** | | | | | |
| १. | ०५-०७८/३/१९ | न्यू विणा इम्पेक्स | ३५७५०० | ४६४७५ | १३९४२ | |
| | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | | | | | |
| २ | ०२-०७८/३/२४ | सर्जिकल ट्रेडिङ कन्सर्न प्रा लि | ४४०००० | ५७२०० | १७१६० | |
| ३ | ०४-०७८/३/२४ | सपोर्ट नेपाल इन्डस्ट्रिज प्रा लि | ४१२००० | ५७४६० | १७२३८ | |
| | **प्रकोप व्यवस्थापन कोष** | | | | | |
| ४ | ०३-०७७/८/२९ | युनिग्लोब सप्लायर्स | ३९८००० | ५१७५० | २५८७५ | |
| | **गाउँपालिका पुँजीगत** | | | | | |
| ५ | १३-०७८/३/१९ | उग्रतारा टेक्लिकल गुड्स सप्लायर्स | २०६२३५ | २६८१० | ८०४३ | |
| **जम्मा** | | | **२३९६९५** | **८२२५८** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | | | **सामाजिक सुरक्षा कर**<br>आयकर ऐन २०५८ अनुसार भुक्तानीमा १ प्रतिशतका दरले सा सू कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ६ जना प्राविधिक कर्मचारीको फिल्ड भत्ता वापत संघिय सरकारबाट हस्तान्तरित कार्यक्रमको गो भौ नं ७०।२०७८।०३।१९ बाट रु. ८१३७२०। खर्च लेखेकोमा सामाजिक सुरक्षा कर कट्टी नगरी भुक्तानि गरेको छ। नियमानुसार लाग्ने सा सु कर रु ८१३७। सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु... | | ८,१३७ |
| २२ | | | **कर्मचारी दरबन्दी र पूर्ति**<br>निजामति सेवा नियमावली २०५० को नियम १२ मा लोकसेवा आयोगबाट पदपूर्तिका लागि कारबाही भै रहेको र बढुवाको लागि कारबाही शुरु भैसकेको पद बाहेक निजामति सेवाको कुनै पद सिर्जना वा रिक्त भएको मितिले एक वर्ष भित्रसम्म स्थायी पदपूर्ति नभएमा उक्त पद स्वतः खारेज हुने व्यवस्था छ । स्वीकृत दरबन्दी र पदपूर्ति विवरण अनुसार कूल स्वीकृत दरबन्दी ३१ मा पूर्ति १२ जना मात्र भई १९ खाली भएको उल्लेख छ । रिक्त पद मध्ये अधिकृतस्तर ५ र अन्य पदहरुको १४ जना रहेका | | |

| | | | | |
|---|---|---|---|---|
| | | | छन् । स्वीकृत दरबन्दी अनुसारको पदपूर्ति नहुँदा तोकिएको कार्य सम्पादन गर्न कठीनाई हुने र लक्ष्य अनुसारको प्रगति हासिल नहुने भएकाले स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति व्यवस्था गर्न कार्यालयले पहल गर्नु पर्दछ । | |
| २३ | | | **तलवी प्रतिबेदन**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अन्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु. १,०८,१२,५००।७२ खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २४ | | | **भ्रमण खर्च**<br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहायबमोजिम छन्.<br>• अधिकांश भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।<br>• भ्रमण पश्चात् तोकिएबमोजिम भ्रमण प्रतिवेदन स्पष्ट विवरणा खुल्ने नगरेको। कतिपय भ्रमणहरु कार्यालयसंग असम्वन्धित ठाउंमा गएको समेत खर्च भुक्तानी गर्ने गरेको । | |
| २५ | | | **करार सुविधा**<br>करार सुविधा सानी भेरि गाउंपालिकाबाट रमाना भै आएका सूचना अधिकृत मनोज जोशीलाई २०७८ जेष्ठ र असारको तलव भत्ता रु ९१०५८।– खर्च लेखेको छ । निजसंग मिति ०७७।९।१२ मा करार संझौता गरी नियुक्त भएको निजको सो तलव खर्चमा महंगी भत्ता रु ४०००। ¸ क सं कोष १० प्रतिशत थप र दुर्गम भत्ता रु ७८८०। समेत समावेश छ । करारमा नियुक्त भएका कर्मचारीले महंगी भत्ता वाहेक क सं कोष थप दुर्गम भत्ता नपाउने भएकोले नियुक्ति मिति देखिको असरसम्म कं सं कोष थप रु २३८७३। र दुर्गम भत्ता रु २६१३५। नियम विपरित भुक्तानी भएको रु | ५०,००८ |
| २६ | | | **अनुदान**<br>भौ नं २५५।०७८।३।१७ बाट जयपुर मा वि लाई निजी श्रोतमा कार्यरत शिक्षकहरुमको लागि रु १००००००।– अनुदान दिएको छ । सरकारी विद्यालयहरुमा अध्यापन गराउने शिक्षक तथा कर्मचारीहरुको तलव सशर्त अनुदान भएको अवस्थामा सो सम्वन्धी आवश्यकताको पहिचान¸ निर्णय¸ शिक्षक नियुक्ति तथा कुन अवधिको लागि तलव व्यहोर्नु पर्ने हो कुनै विवरण पेश नभएकोले नियमसम्मत नदेखिएको रु | १,०००,००० |
| २७ | | | **बढी भुक्तानी**<br>निम्नानुसार फांटवारी राखी भौ नं २५५।०७८।३।१७ बाट जयपुर मा वि लाई रु १००००००।०० अनुदान दिएकोमा बढि अनुदान गएको रु | ४७,५०० |

| विवरण | तलव रकम | अवधि |
|---|---|---|
| २ कर्मचारीको | ५०००० | ०७७ जेष्ठ देखि असोज ५ महिना |
| १ वाल शिक्षक | ३०००० | ऐ ऐ |
| मा वि¸ प्रा वि¸ का स | १५५००० | ऐ ऐ |
| ३ शिषक र १ कर्मचारी | ५२००० | ०७७ कार्तिक र मंसिर |
| विभिन्न शिक्षकहरुको | ६६५५०० | ०७७ पौष देखि असार ७ महिना |
| जम्मा | ९५२५०० | |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **भाडा अभिलेख नभएको**<br>भौ नं २५८।०७८।३।१८ बाट विभिन्न घरधनीहरुलाई विभिन्न महिनाको घरभाडा रु १०६२६९। भुक्तानी दिएकोमा सो को भाडा अभिलेख रजिष्टर नराखेबाट कुनै महिनाको दोहोरो भुक्तानी भयो भएन यकिन गर्न सकिएन । तसर्थ घरभाडा भुक्तानीको व्यवस्थित अभिलेख राख्नु पर्दछ । | |
| २९ | | | **फरक शिर्षक**<br>स्थानीय सरकार संचालन ऐन¸ २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकबाट बजेट खर्च लेख्नु पर्नेमा कार्यालयले निम्नानुसार फरक शिर्षकबाट खर्च गरेको देखिएकोले उपरोक्त नियम बमोजिम अनियमित देखिएको रु ... | ६३१,४८८ |

| भौ नं र मिति | विवरण | वजेट खर्च | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक |
|---|---|---|---|---|
| २४२।०७८।३।१५ | १ वर्षको रेडियोमा विभिन्न सूचना प्रशारण | ४०००००। | सूचना छपाइ तथा प्रशारण | संचार महशुल |
| २५२।०७८।३।१७ | जेसिवि अपरेटर तथा सहायको पारिश्रमिक | १२०८८८। | सेवा तथा परामर्श | अध्ययन अवलोकन भ्रमण |
| ३२७।०७८।३।२५ | पदाधिकारीको दैनिक भ्रमण खर्च | ११०६००। | अनुगमन खर्च | पारिश्रमिक पदाधिकारी |
| | जम्मा | ६३१४८८। | | |

३०

**गतको दायित्व**

भौ नं २६।2077।७।३ बाट जेसिवि अपरेटर जीवन बहादुर चौधरीलाई रु ७४४००। र सहायकलाई २७८००। गत वर्ष २०७६ को १४३ घण्टा वकेट र ९० घण्टा ब्रेकर भत्ता वापत जम्मा रु. १०२२००।00 भुक्तानी भएको छ । भुक्तानी हुन बाकीको दायित्व प्रमाणित गरी भुक्तानी हुनु पर्नेमा सो वेगर भुक्तानी भएको देखिएकोले अनियमित रु

१०२,२००

३१

**उपाध्यक्ष कोशेली**

३१.१

महिला लक्षित कार्यक्रमबाट पालिका अन्तर्गत ६ वटै वडाहरुमा रहेका सुत्केरी महिलाहरुलाई संस्थागत सुत्केरी गराउन उपाध्यक्ष कोशेली नामक कार्यक्रमबाट निम्न भौ नं तथा मितिबाट सामाग्री खरिद गरी वितरण गरेको भर्पाइ परीक्षण गर्दा खरिद भन्दा वितरण कम सख्यामा देखिएकोले बढी खर्च लेखेको देखियो ।

| भौ नं र मिति | सामाग्री खरिद | रकम | वितरण |
|---|---|---|---|
| ९९।०७७।९।१७ | ३२० थान झोला तथा ३२० थान मेक्सी | ३५२,५६०। | ५ स्वास्थ चौकीमा २५७ जनालाई वितरण |
| १०७।९।१७ | नरिवल, वदाम, किसमिस, सनफ्लावर तेल लगातय | १४५८९९। | |
| ३०२।०७८।३।२२ | ३० थान झोला तथा ३० थान मेक्सी नरिवल, वदाम, किसमिस, सनफ्लावर तेल लगतयत | ५०,१००। | कुलाउ स्वास्थ्य चौकीमा ३० जनालाई वितरण |

| | | | | |
|---|---|---|---|---|
| ३१.२ | | | उपरोक्त विवरण अनुसार भौं नं ९९ र १०७ बाट खरिद सामाग्री हरु पंचेश्वर स्वास्थ्य चौकीमा ७७, गिरगेडा स्वास्थ्य चौकीमा २९, महाकाली स्वास्थ्य चौकीमा ५०, रोडीदेवल स्वास्थ्य चौकीमा २८, र आमचौरा स्वास्थ्य चौकीमा ७३, जना समेत जम्मा २५७ जनालाई वितरण भएको भर्पाई पेश भएकोले ६३ थान झोला मेक्सी तथा नरिवल वदम किसमिस सनफ्लावर तेल लगायतको पाकेट बढि खरिद भएको रु | ९८,१३४ |
| ३१.३ | | | महाकाली स्वास्थ्य चौकीमा ५० जना मध्ये २१ र आमचौरा स्वास्थ्य चौकीमा ७३ जनालाई गत गर्ष २०७६।७७ को कोशेली वितरण गरेको देखियो । गत वर्षको वितरण गत वर्षनै हुनु पर्नेमा यो वर्ष वितरण खर्च लेखेकोमा वितरण हुन बाकीको दायित्व प्रमाणित वेगर खर्च लेखेको अनियमित रु | १४६,४२२ |
| ३२ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिएको रकम नियमावलीमा तोकिएको म्याद भित्र नियमानुसार फछ्यौंट गर्नु गराउनु पेश्की दिने र लिने दुबै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष विभिन्न कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सरोकारवालालाई उपलब्ध गराएको पेश्की मध्ये म्याद ननाघेँको पेश्की रु. १९,२०,०००।० तथा म्याद नाघेको रु.२,७७,३७,६०७।०निम्नानुसारको पेश्की लेखापरीक्षण अबधिसम्म फछ्यौट भएको नदेखिएकोले नियमानुसार फछ्यौंट गर्नुपर्ने रू | २७,७३७,६०७ |

| पेश्कीको प्रकृति | गो भौ नं मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|---|
| संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | | | | | |
| उपभोक्ता समिति | ११।२०७७।०९।१५ | सैलोडा सोलार लिफ्ट खानेपानी तथा सरसफाई योजना | खानेपानी संरचना निर्माण सुधार तथा स्तरोन्नति | १७९२००० | |
| पञ्चेश्वर गाउँपालिका पुँजीगत | | | | | |
| संस्थागत | १४७।२०७८।०३।२० | कुलाउँ पालडी धर्मघाट सडक निर्माण | शुक्र कमली निर्माण सेवा प्रा. लि. | | १९२०००० |
| उपभोक्ता समिति | १७।२०७७।०९।१५ | गाउँपालिका ग्रामिण जलस्रोत परियोजना मिलान कोष | सैलोडा सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजना | १२०८००० | |
| संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | | | | | |
| संस्थागत | ५।२०७७।०६।२९ | विभिन्न सचेतना अभियान | अनिरुद्ध ग्रामिण सुधार केन्द्र | १०००० | |
| संस्थागत | ६३।२०७७।११।२५ | ग्रामिण जलस्रोत परियोजना सम्बन्धी क्षमता विकास कार्यक्रम | अनिरुद्ध ग्रामिण सुधार केन्द्र | १००००० | |
| पञ्चेश्वर गाउँपालिका चालु | | | | | |
| पदाधिकारी | ११३।२०७७।१०।१२ | आर्थिक सहायता | गोरख बहादुर चन्द | १००००० | |
| पदाधिकारी | १४६।२०७७। | आर्थिक सहायता | गोरख बहादुर चन्द | १००००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११।२३ | | | | |
| पदाधिकारी | २५६।२०७८।<br>०३।१८ | आर्थिक सहायता | गोरख बहादुर चन्द | १३०००० | |
| कर्मचारी | ७२।२०७७।<br>०८।३० | स्वास्थ्य चौकी व्यवस्थापन | प्राविधिक सहायक गंगा दत्त भट्ट | ३०००० | |
| कर्मचारी | ७२।२०७७।<br>०८।३० | मसलन्द तथा कार्यालय सामग्री | प्राविधिक सहायक गंगा दत्त भट्ट | १००००० | |
| कर्मचारी | ७२।२०७७।<br>०८।३० | विविध कार्यक्रम खर्च | प्राविधिक सहायक गंगा दत्त भट्ट | ५०००० | |
| कर्मचारी | १२१।२०७७।<br>१०।१६ | कार्यालय संचालन खर्च | प्राविधिक सहायक गंगा दत्त भट्ट | ९०००० | |
| सामाजिक सुरक्षा तथा संरक्षण | | | | | |
| कर्मचारी | विभिन्न | सामाजिक सुरक्षा वितरण | सहायक चौथौ रमेश भट्ट | १५४८५९ | |
| कर्मचारी | विभिन्न | सामाजिक सुरक्षा वितरण | प्रा स गंगादत्त भट्ट | ७९१०२१९ | |
| कर्मचारी | विभिन्न | सामाजिक सुरक्षा वितरण | सहायक चौथौ पुष्पा तिवारी | ४५८९४२७ | |
| कर्मचारी | विभिन्न | सामाजिक सुरक्षा वितरण | अ स ई हर्ष बहादुर चन्द | ६११०५३८ | |
| कर्मचारी | विभिन्न | सामाजिक सुरक्षा वितरण | अ स ई जगत सिंह जोशी | ३११९६७५ | |
| कर्मचारी | विभिन्न | सामाजिक सुरक्षा वितरण | खा पा स टे बिसनदत्त भट्ट | २१४२८८९ | |
| **जम्मा** | | | | **२७७३७६०७** | १९२०००० |

| ३३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |
|---|---|---|---|---|

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १०६४७५ | ० | १०६४७५ |

| ३४ | | | अध्यावधिक बेरुजु<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | |
|---|---|---|---|---|

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १०६४७५ | ० | ४७३३८ | ० | १५३८१३ |